बैठक संख्या ९ समयः विहान ११ बजे बैठक मिति २०८३।०१।०९

आज मिति २०८३ साल बैशाख महिना ३१ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च सम्बन्धमा।

२. आधारभूत अस्पतालमा कर्मचारी व्यवस्थापन सम्बन्धमा।

३. दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ सम्बन्धमा।

४. नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ संशोधन सम्बन्धमा।

५. १ नम्वर वडा कार्यालयको कार्यालय सहयोगी नियुक्त सम्बन्धमा।

६. रकमान्तर सम्बन्धमा।

७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको क्रियाकलाप आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम; खर्च शीर्षक २२५२२ को बजेट खर्च सम्बन्धमा।

८. कार्यालय भवनहरुको वीमा गर्ने सम्बन्धमा।

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ चालु आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च देहाय बमोजिमका शीर्षकहरुमा नियमानुसार खर्च गर्ने गरी बाडफाट गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

| खर्च शीर्षक | | | | कैफियत |
|---|---|---|---|---|
| क स | चालु | क स | पूजिगत | |
| १ | कर्मचारीको तलव र सुविधा | १ | स्वास्थ्य उपकरणहरु खरिद | |
| २ | विजुली पानी | २ | सिसिटिभि | |
| ३ | औषधी तथा रियजेण्ट खरिद | ३ | अस्पताल व्यवस्थापन सफ्टवेयर | |
| ४ | अस्पतालको फर्निचर तथा फर्निसिङ | ४ | अस्तलात भित्र ल्याव, एक्सरे कक्ष, डेण्डल कक्ष लगायतमा थप संरचना निर्माण | |
| ५ | कार्यालय सञ्चालन तथा सरसफाइ सामाग्री व्यवस्थापन | ५ | अस्पताल भित्र खानेपानी व्यवंस्थापन | |

निर्णय नं २ प्रस्ताव नं. २ आधारभूत अस्पतालमा अर्को व्यवस्था नभए सम्म देहाय बमोजिम कर्मचारीहरु व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतरुपमा पारित गरियो।

क

| क स | पद | तह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौ | २ | |
| २ | अहेव/हेअ | चौथो/पाचौ/छैटौ/ सातौ | ६ | |
| ३ | अनमी/स्टाफ नर्स | चौथो/पाचौ/छैटौ/ सातौ | ६ | |
| ४ | अ ल्याव टे/ ल्याटे | चौथो/पाचौ/छैटौ/ सातौ | २ | |
| ५ | फार्मेसी सहायक | पाचौ | २ | |
| ६ | डेण्टल हाइजिनिस्ट | पाचौ | १ | |
| ७ | रेडियोग्राफार | पाचौ | १ | |
| ९ | हसचा | श्रेणीविहिन (प्रथम स्तर) | १ | |
| १० | का स | श्रेणीविहिन (प्रथम स्तर) | ४ | |
| ११ | स्वीपर | श्रेणीविहिन (प्रथम स्तर) | २ | |

ख हाल आधारभूत अस्पतालमा कार्यरत कर्मचारीहरु अपुग भएको पदमा पदपूर्ति गर्ने।

ग. हाल आधारभूत अस्पतालमा पालेको रुपमा कार्यरत कर्मचारीहरुलाई कार्यालय सहयोगीमा पदस्थापन गर्ने।

घ माथि उल्लेखित पदहरुमा कार्यरत कर्मचारीहरु (मेडिकल अधिकृत बाहेक) ले खाइपाइ आएको मासिक तलब सुविधा नेपाल सरकारले तोकेको सम्बन्धित पदको सुरु तलब स्केलमा अपुग हुने भएमा जति रकम अपुग हुन्छ त्यति रकम थप गरी मिति २०८३।०२।१ गते देखि सुरु तलबस्केल दिने।

ङ. मेडिकल अधिकृतको हकमा करार सम्झौतामा उल्लेख भए बमोजिम हुने छ।

च. जोखिम र कार्यभारको अवस्था हेरी आवश्यक थप सुविधा दिन सकिने छ।

छ. जनशक्ति, स्वास्थ्य उपकरण र औषधी व्यवस्थापन पश्चात आकस्मिक सेवा सहित १० सैय्या अस्पतालको प्रचलित मापदण्ड बमोजिम यथाशीघ्र सञ्चालन गर्ने।

निर्णय नं ३

दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४

नौगाड गाउँपालिकाको गाउँबस सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ मा भाडा दर को ठाउमा सेवाशुल्क शव्द राखेर संशोधन गर्ने र साथै गाउँबसलाई कार्यालयको काममा अन्यन्त्र प्रयोग गर्दा प्रतिदिन ५०००/- रुपया शुल्क तोक्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५

१ नम्बर वडा कार्यालयको कार्यालय सहयोगी पदमा १ नम्बर वडा समितिको सिफारिसका आधारमा दान सिह ठगुन्ना, नौगाड-१, लाई मिति २०८३।०१।०४ गते देखि लागु हुने गरी कार्यालय सहयोगीमा नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६ तपसिल अनुसारका खर्चशीर्षकहरु रकमान्तर गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

| क्र स | खर्च शीर्षक | साविकको शीर्षक | हाल कायम | रकम |
|---|---|---|---|---|
| १ | २५३११ | गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरुको गत आव जेठ र असार महिनाको तलबको भुक्तानी बाकी | विद्यालय दिवा खाजा व्यवस्थापन | ५,००,००० |
| २ | २५३११ | गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरुको प्रारिश्रामिक चाडपर्व खर्च तथा पोषाक भत्ता | | १,००,००० |
| ३ | | शैक्षिक सामाग्री निर्माण | कक्षा ५ र ८ को परीक्षा सचालन तथा व्यवस्थापन | २,००,००० |

निर्णय नं ७

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको क्रियाकलाप आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उधमशिलता प्रवर्द्धन कार्यक्रमको खर्च शीर्षक २२५२२ को बजेट वैदेशिक रोजगारीबाट फर्कि स्थानीय स्तरमा ब्यवसाय संचालन गर्दै आएका व्यक्तिहरुलाई ५० प्रतिशत साझेदारीमा उपकरण खरिदमा अनुदान उपलव्ध गराउने निर्णय सर्व सम्मत परित गरियो।

निर्णय नं ८

यस गाउँपालिका अन्तर्गत रहेको मुख्य प्रशासकीय भवन र आधारभूत अस्पताल भवनको बीमा गर्ने र बीमा रकम विविध खर्चबाट भुक्तानी दिने निर्णय सर्व सम्मत परित गरियो।